# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, पुस ३ गते, २०८२ साल (संख्या ११


## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**<u>गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२</u>**

प्रस्तावना: गण्डकी प्रदेश भित्रका सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन र जनचेतनामूलक प्रचार सामग्री उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “कार्यालय” भन्नाले प्रेस रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ख) “जनचेतनामूलक प्रचार सामग्री” भन्नाले लोककल्याणकारी विज्ञापन सिफारिस समितिको सिफारिस अनुसार प्रेस रजिष्ट्रारको कार्यालयबाट प्रकाशन तथा प्रसारण गर्न स्वीकृत गरी तयार गरेको जनचेतना अभिवृद्धि गर्ने प्रकृतिका जानकारीमूलक एवं सूचनामूलक जनसरोकारको प्रचारप्रसार सामग्री सम्झनु पर्छ।

(ग) “प्रदेश सरकारका निकाय” भन्नाले गण्डकी प्रदेश सरकारका मन्त्रालय, आयोग, सचिवालय र अन्तर्गतका कार्यालय सम्झनु पर्छ।

(घ) “प्रकाशन संस्था” भन्नाले समाचारमूलक पत्रपत्रिका भन्ने सम्झनु पर्छ।

(ङ) “लोककल्याणकारी विज्ञापन” भन्नाले यस कार्यविधि बमोजिम सञ्चारमाध्यमलाई प्रकाशन तथा प्रसारणको लागि उपलब्ध गराइने जनचेतनामूलक एवम् सन्देशमूलक सामग्री सम्झनु पर्छ।

(च) “समिति” भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ।

३. **लोककल्याणकारी विज्ञापन संकलनः** (१) प्रदेश सरकारका निकायले जनसरोकारका विषयमा कल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रकाशन तथा प्रसारण गर्नु परेमा कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री कार्यालयले प्रकाशन तथा प्रसारणको लागि सूचीकृत भएका सञ्चारमाध्यमलाई उपलब्ध गराउनेछ।

४. **सूचना प्रकाशनः** (१) विज्ञापन सामग्री प्रकाशन तथा प्रसारण गर्ने प्रयोजनको लागि सञ्चारमाध्यमलाई सूचीकृत गर्न कार्यालयले एक्काइस दिनको समय दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन चाहने सञ्चरमाध्यमहरूले प्रकाशन वा प्रसारण गर्न इच्छुक सञ्चारमाध्यमले अनुसूची-२ बमोजिमको ढाँचामा राख्ने कागजात संलग्न राखी रितपूर्वक निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजतपत्र वा अनुमतिपत्र नवीकरण भएको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,
(ङ) संस्थाको विधान/प्रबन्धपत्र/नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(छ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पूरा भएको प्रमाण,
(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबुलबाट प्रसारण भएको प्रमाणपत्र,
(झ) प्रसारणमाध्यमले दश प्रतिशतभन्दा बढी कार्यक्रमहरू रिले प्रसारण नगरेको, रेडियो टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तीमा तीन सय बीस दिन प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तीमा तीन सय बीस दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तीमा पैतालिस अंक प्रकाशन भएको अनुसूची– ८ र अनलाईन सञ्चारमाध्यमको हकमा नियमित रूपमा अध्यावधिक भएको अनुसूची–९ बमोजिमको स्वघोषणा तथा प्रमाण।
(ञ) एक पटक सूचिकृत भईसकेका सञ्चारमाध्यमको हकमा संस्था नविकरण, सञ्चारमाध्यम नविकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्याद भित्र तथा उपदफा (२) बमोजिमको कागजात पेश नगर्ने सञ्चारमाध्यमलाई यस कार्यविधि बमोजिम लोककल्याणकारी विज्ञापन तथा रकम उपलब्ध गराइने छैन।

५. **सिफारिस समितिको गठनः** (१) सञ्चारमाध्यमहरूको वर्गीकरण, समन्वय तथा दफा ४ बमोजिम प्राप्त निवेदनहरूको मूल्याङ्कन गरी सूचीकरणका लागि सिफारिस गर्न कार्यालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रेस रजिष्ट्रार -संयोजक
(ख) उपसचिव, कार्यालय, -सदस्य
(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश -सदस्य
(घ) अधिकृतस्तरको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सञ्चार हेर्ने) -सदस्य
(ङ) अधिकृत, प्रसारण तथा सूचना शाखा, कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मितिमा बस्नेछ।

(३) समितिले आफ्नो आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको सचिवालयको काम प्रसारण तथा सूचना शाखाले गर्नेछ।

६. **समितिको काम, कर्तव्य:** (१) समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणको लागि आवेदन मागको सूचना गर्न कार्यालयलाई उपयुक्त समयमा निर्देशन दिने,

(ख) लोककल्याणकारी विज्ञापनको छनोट तथा सिफारिस गर्ने,

(ग) प्राप्त आवेदनहरू अध्ययन गरी रीत पुगेका सञ्चारमाध्यमहरूलाई लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणको अनुमतिको लागि सिफारिश गर्ने,

(घ) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणको अनुगमन गर्ने।

(२) समितिले अध्ययन तथा मूल्याङ्कन गर्दा दफा ४ को उपदफा (२) बमोजिमका कागजातका अतिरिक्त कार्यालयको अनुगमन प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ ।

(३) समितिले सामान्यतया कार्य प्रारम्भ भएको मितिले एक्काइस दिनभित्र अध्ययन तथा मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

७. **सूचीकृत गर्ने:** (१) समितिको प्रतिवेदनको आधारमा कार्यालयले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रकाशन तथा प्रसारणको लागि सञ्चारमाध्यमको सूचीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत भएको जानकारी कार्यालयको वेवसाइटमा प्रकाशन गरिनेछ।

८. **लोकल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको दररेट:**

(१) लोककल्याणकारी विज्ञापन वा प्रसारण गर्ने समय तालिका र लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गरे वापतको दररेट अनुसूची-३ बमोजिम हुनेछ।

(२) सूचीकृत सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापनको लागि देहाय बमोजिम नबढ्ने गरी रकम उपलब्ध गराइनेछः-

(क) एफ. एम. रेडियो तर्फः

१. एकसय वाटसम्मः तेइस हजार रुपैयाँ,

२. पाँचसय वाटसम्मः छब्बिस हजार रुपैयाँ,

३. सो भन्दा माथि तीस हजार रुपैयाँ,

(ख) टेलिभिजन तर्फः तीस हजार रुपैयाँ,

(ग) पत्रपत्रिका तर्फः

४. साप्ताहिक/पाक्षिक/त्रैमासिक प्रकाशनः तेइस हजार रुपैयाँ,

५. दैनिक प्रकाशनः छब्बिस हजार रुपैयाँ,

(घ) अनलाईन सञ्चारमाध्यमतर्फः पन्ध्र हजार रुपैयाँ,

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै कम्पनी वा संस्थाको दुई वा सो भन्दा बढी सञ्चारमाध्यम भएमा दुई वटा सञ्चारमाध्यमसम्म अधिकतम साठी हजारमा नबढ्ने गरी लोककल्याणकारी विज्ञापन उपलब्ध गराइनेछ।

९. **सम्झौता गर्नेः** (१) सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रकाशन वा प्रसारण गर्न सूचीकृत भएको मितिले पन्ध्र दिन भित्र अनुसूची-४ बमोजिमको ढाँचाको निवेदन दिई अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) सम्झौता गर्दा सञ्चालक स्वयम् उपस्थित हुनु पर्नेछ। सञ्चालक उपस्थित हुन नसकेमा अनुसूची-६ बमोजिमको पत्रसहित सम्झौता गर्न प्रतिनिधि खटाउन सक्नेछ।

(३) सम्झौता बमोजिम लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रकाशन तथा प्रसारण नगर्ने सञ्चारमाध्यमलाई आगामी दुई वर्षसम्म लोककल्याणकारी विज्ञापनमा सहभागी गराइने छैन।

१०. **लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री उपलब्ध गराउनेः** स्वीकृत बजेटको अधिनमा रही दफा ९ बमोजिम सम्झौता गरेका सञ्चारमाध्यमलाई कार्यालयले सम्झौता भएको पन्ध्र दिन भित्र लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री उपलब्ध गराउने छ ।

११. **प्रकाशन तथा प्रसारण गर्नेः** दफा १० बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री सञ्चारमाध्यमले पैतालिस दिन भित्र प्रकाशन तथा प्रसारण गरी सक्नु पर्नेछ।

१२. **भुक्तानी गर्नेः** (१) सञ्चारमाध्यमले देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा प्रकाशन वा प्रसारण सम्पन्न भएको मितिले तीस दिन भित्र भुक्तानीको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछः

(क) प्रकाशन तथा प्रसारण वापतको रसिद/बिल

(ख) पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन प्रकाशित भएको अंकको सक्कल प्रति

(ग) रेडियो/एफ.एम. रेडियोको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको अडियोको अभिलेख रेकर्डको विद्युतीय प्रति/पेन ड्राइभ

(घ) टेलिभिजनको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको भिडियो संलग्न विद्युतीय प्रति/पेन ड्राइभ

(ङ) अनलाईन सञ्चारमाध्यमको हकमा स्क्रिन सटको प्रिन्ट प्रति

(च) सम्झौता पत्रको प्रतिलिपि

(छ) बैकको खाता नं. देखिने चेकको प्रतिलिपि

(२) कार्यालयले सञ्चारमाध्यमलाई रकम भुक्तानी गर्दा नियमानुसारको करकट्टी गरी सञ्चारमाध्यम सञ्चालन गर्ने संस्था वा सञ्चारमाध्यमको नाममा रहेको बैंक खातामार्फत भुक्तानी गर्नेछ।

(३) यो कार्यविधि अनुसार लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री वितरण प्रक्रिया पूरा नगरेका वा उपदफा (१) बमोजिमका कागजात सहित समयमै रितपूर्वक निवेदन नदिएमा कार्यालयले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री वापत कुनै प्रकारको भुक्तानी दिने छैन।

१३ . **प्रकाशन तथा प्रसारण निरीक्षण व्यवस्थाः** (१) कार्यालयले तोकेका लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रकाशन तथा प्रसारण भए, नभएको सम्बन्धमा कार्यालयले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

१४. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **अनुसूचीमा हेरफेरः** कार्यालयले यस अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१६. **खारेजी र वचाउः** (१) गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि २०७९, खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिबाट भए गरिएका काम, कारवाही यसै कार्यविधि बमोजिम भए, गरेको मानिनेछ ।

अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
लोककल्याणकारी विज्ञापनको सूचनाको ढाँचा

लोककल्याणकारी विज्ञापनमा सहभागी हुनका लागि सञ्चारमाध्यमलाई सूचीकृत गर्न दरखास्त आह्वान गरिएको प्रेस रजिष्ट्रारको कार्यालयको सूचना

प्रकाशित मिति: ...........................

सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि सूचीकृत गर्ने प्रयोजनार्थ गण्डकी प्रदेशमा कार्यरत सञ्चारमाध्यमहरूलाई गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि,२०८२-को अनुसूची २ को ढाँचामा एक्काइस दिन भित्र दरखास्त दिन यो सूचना प्रकाशन गरिएको छ। साथै लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८२ मन्त्रालय/प्रेस रजिष्ट्रारको कार्यालयको वेवसाइट मार्फत प्राप्त गर्न सकिने छ।

अनुसुची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनका लागि आवेदन दिने दरखास्तको ढाँचा**

मिति:

श्री प्रेस रजिष्ट्रारज्यू,
प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषय: सूचिकृत गरी विज्ञापन प्रकाशन तथा प्रसारणमा सहभागी गराई पाउँ।**

उपरोक्त विषयमा मिति ......................... मा तहाँ प्रेस रजिष्ट्रार कार्यालयबाट आह्वान भएको सूचना बमोजिम लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रममा सहभागी गराई पाउन गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि,२०८२ को दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

**१ . निवेदन दिने सञ्चारमाध्यमको विवरण :**

नाम:
ठेगाना:
फोन नं :
इमेल ठेगाना :
सञ्चालकको नाम:
सञ्चारमाध्यमको प्रकार:

(क) पत्रपत्रिका
(ख) रेडियो/एफ.एम. रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चारमाध्यम

मोबाइल नं:
इमेल ठेगाना:
संस्थाको छाप:
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखत:

<u>संलग्न कागजातहरू</u>

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजतपत्र वा अनुमतिपत्र नविकरण भएको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना,सम्पर्क नम्बर सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखा परीक्षण प्रतिवेदन,

(छ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,

(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरू रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा पैतालिस अंक प्रकाशन भएको स्वघोषणा पत्र र अनलाईन सञ्चारमाध्यमको हकमा नियमित रूपमा अध्यावधिक भएको स्वघोषणा तथा प्रमाण।

अनुसुची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रसारण गर्ने समय तालिका र दररेट**

(मूल्य अभिवृद्धि कर सहित)

(क) पत्रपत्रिकातर्फ प्रति अंक

| **स्थान** | **प्रकार(साइज)** | **रङ्ग** | **रकम** |
|---|---|---|---|
| कभर पृष्ठ | पूरा | रङ्गीन | रु.५०००/- |
| कभर पृष्ठ | आधा | रङ्गीन | रु.२५००/- |
| कभर पृष्ठ | एक चौथाइ | रङ्गीन | रु.१२५०/- |
| भित्री पृष्ठ | पूरा | रङ्गीन | रु.४०००/- |
| भित्री पृष्ठ | आधा | रङ्गीन | रु.२०००/- |
| भित्री पृष्ठ | एक चौथाइ | रङ्गीन | रु.१०००/- |
| भित्री पृष्ठ | पूरा | श्यामश्वेत | रु.३०००/- |
| भित्री पृष्ठ | आधा | श्यामश्वेत | रु.१५००/- |
| भित्री पृष्ठ | एक चौथाइ | श्यामश्वेत | रु.७५०/- |

नोट: १. साप्ताहिक पत्रिकाले १ अंकमा फरक फरक २ वटा सूचना प्रकाशन गर्दा २ अंक मानिन्छ।

२. कम्तीमा एउटा सूचना कभर पृष्ठमा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ।

(ख) रेडियोएम रेडियोतर्फ.एफ/ प्रति मिनेट रू.

| **समयको वर्गीकरण** | **५०० वाटभन्दा माथि** | **५००वाटसम्म** | **१००वाटसम्म** |
|---|---|---|---|
| सुपर प्राइम | रु .४००-/ | रु .३५०-/ | रु .३००-/ |
| प्राइम | रु .३५०-/ | रु .३००-/ | रु .२५०-/ |
| सामान्य | रु .३००-/ | रु .२५०-/ | रु .२००-/ |

नोट: कम्तीमा एउटा सूचना सुपरप्राइम समयमा अनिवार्य रूपमा प्रकाशन गर्नु पर्नेछ।

(ख) टेलिभिजन तर्फ प्रति मिनेट रू.

| **समयको वर्गीकरण** | **रकम** |
|---|---|
| सुपर प्राइम | रु. १५००/- |
| प्राइम | रु. १२००/- |
| सामान्य | रु. ९००/- |

नोट: कम्तीमा एउटा सूचना सुपरप्राइम समयमा अनिवार्य रुपमा प्रसारण गर्नु पर्नेछ।

(घ) अनलाईन सञ्चारमाध्यम तर्फ प्रति विज्ञापन प्रति दिन

गृह पृष्ठको लागि रु.७५०-/

भित्रि पृष्ठको लागि रु .५००-/

नोट: कम्तीमा पचास प्रतिशत सूचना गृह पृष्ठमा अनिवार्य रूपमा प्रकाशन गर्नु पर्नेछ।

अनुसुची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनका लागि सम्झौता गरिपाउँ भन्ने निवेदनको ढाँचा**

मिति: ………………

श्री प्रेस रजिष्ट्रारज्यू,
प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषय: लोककल्याणकारी विज्ञापनको लागि सम्झौता गरिपाउँ भन्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ प्रेस रजिष्ट्रारको कार्यालयबाट मिति …………………… प्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रममा सहभागी हुन सूचीकृत भएकाले नियमानुसार सम्झौता गर्नको लागि अनुरोध छ।

संस्थाको नाम:
ठेगाना:
फोन नं :
इमेल ठेगाना :
सञ्चालकको नाम:
सञ्चारमाध्यमको प्रकार:

(क) पत्रपत्रिका
(ख) रेडियो/एफ.एम. रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चारमाध्यम

……………… ………………
संस्थाको छाप

सञ्चालक वा आधिकारिक
व्यक्तिको नाम र दस्तखत:
मोबाइल न:
इमेल ठेगाना :

अनुसुची-५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनका लागि सम्झौता**

गण्डकी प्रदेश सरकार ................ प्रेस रजिष्ट्रारको कार्यालय (यसपछि प्रथम पक्ष भनिएको) र ............(सञ्चारमाध्यमको नाम) (यसपछि दोस्रो पक्ष भनिएको) का बीच लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सन्दर्भमा तपशिलका शर्तहरूको अधिनमा रही यो सम्झौता उपलब्ध गरिएको छ।

तपशिल

१. प्रथम पक्षले दोस्रो पक्षलाई पन्ध्र दिन भित्र लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने छ।
२. दोश्रो पक्षले प्रथम पक्षद्धारा उपलब्ध गराईएका लोककल्याणकारी विज्ञापनहरू आफ्नो सञ्चारमाध्यमबाट प्राथमिकता दिई प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।
३. दोश्रो पक्षले दफा १२ को उपदफा (१) बमोजिमको समयावधी भित्रमा अनुसूची-७ बमोजिमको ढाँचामा भुक्तानीको लागि निवेदन दिनु पर्नेछ।
४. दोश्रो पक्षले निर्धारित समयमा भुक्तानीको लागि निवेदन पेश नगरेमा प्रथम पक्ष भुक्तानी गर्न बाध्य हुने छैन।

हस्ताक्षर:
नाम :
पद: ................... प्रेस रजिष्ट्रारको कार्यालयको छाप

हस्ताक्षर:
नाम :
पद: .......... सञ्चारमाध्यमको छाप

...................
प्रेस रजिष्ट्रारको कार्यालय
(पहिलो पक्ष)

....................
सञ्चारमाध्यमको नाम
(दोस्रो पक्ष)

इति सम्वत्..........साल ............ महिना................ गते रोज ......शुभम्।

अनुसुची-६

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**प्रतिनिधि तोकिएको**

मितिः ..................

श्री प्रेस रजिष्ट्रारज्यू,
प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश, पोखरा।

**विषयः प्रतिनिधि तोकिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ प्रेस रजिष्ट्रारको कार्यालयबाट मिति ......................... प्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रममा सहभागी हुन सूचीकृत भएकाले नियमानुसार सम्झौता गर्नको लागि श्री............लाई प्रतिनिधि तोकिएको व्यहोरा अनुरोध छ।

संस्थाको नाम:
ठेगाना:
फोन नं:
इमेल ठेगाना:
सञ्चालकको नाम:
सञ्चारमाध्यमको प्रकार:

(ङ) पत्रपत्रिका
(च) रेडियो/एफ.एम. रेडियो
(छ) टेलिभिजन
(ज) अनलाइन सञ्चारमाध्यम

.................. ....................
संस्थाको छाप सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखत:
मोबाइल न:
इमेल ठेगाना :

अनुसुची-७

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**भुक्तानी पाउँ भन्ने निवेदनको ढाँचा**

मितिः ..................

श्री प्रेस रजिष्ट्रारज्यू,
प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषयः भुक्तानी पाउँ भन्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि,२०८२ बमोजिम रू......................... बराबरको लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरेको हुँदा देहायका कागजात संलग्न गरी नियमानुसार भुक्तानी पाउन अनुरोध छ। साथै लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरेको समय तालिका देहाय बमोजिम रहेको प्रमाणित गर्दछु। प्रमाणित कागजात झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संस्थाको नामः
ठेगानाः
फोन नं:
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चारमाध्यमको प्रकारः

(क) पत्रपत्रिका
(ख) रेडियो/एफ.एम. रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चारमाध्यम

.................. ....................

संस्थाको छाप

सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखतः
मोबाइल नः
इमेल ठेगाना :

**देहाय १ संलग्न कागजात**

(क) रसिद/बील

(ख) पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन प्रकाशित भएको सक्कल अंक

(ग) रेडियो/एफ.एम रेडियो हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको अडियो संलग्न विद्युतीय प्रति/पेन ड्राइभ

(घ) टेलिभिजनको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको भिडियो संलग्न विद्युतीय प्रति/पेन ड्राइभ

(ङ) अनलाईन सञ्चारमाध्यमको हकमा स्क्रिन सटको प्रिन्ट प्रति

(च) सम्झौता पत्रको प्रतिलिपि

(छ) नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त बैंकको खाता नं देखिने चेकको प्रतिलिपि

<u>देहाय २समय तालिका</u>

**(क) प्रसारण माध्यमको लागि**

| क्र. सं. | प्रसारण गरेको मिति | समय(सुपरप्राइम/प्राइम /सामान्य) | प्रसारण अवधि (मिनेट) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**(ख) प्रकाशन माध्यमको लागि**

| क्र. सं. | प्रकाशन गरेको मिति | अङ्क | प्रकाशन पृष्ठ/ साइज र रङ्ग | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-८

(दफा ४ (झ) सँग सम्बन्धित

**स्वघोषणा पत्र**

यो संस्था नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागमा दर्ता भई र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई/गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रेस रजिष्ट्रारको कार्यालयमा दर्ता तथा सूचीकृत भई दश प्रतिशत भन्दा बढी कार्यक्रमहरू रिले प्रसारण नगरेको रेडियोटेलिभिजनबाट इजाजत अनुसार केबुल / तथा स्याटेलाइटबाट, प्रसारण संस्थाबाट वर्षमा कम्तीमा तीन सय बीस दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा तीन सय बीस प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तीमा पैतालिस अंक प्रकाशन भएको बेहोरा ठीक साँचो भएको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको बेहोरा समेत प्रमाणित गर्दछु।

माथि प्रमाणित गरिएको बेहोरा झुटो ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

निवेदक:

सञ्चालकको नामथर/

हस्ताक्षर.........

सञ्चारगृह रहेको ठेगाना:

सञ्चारमाध्यमको सम्पर्क नं:

सञ्चारमाध्यमको इमेल :

संस्थाको छाप

.

अनुसुची-९
(दफा ४ (झ) सँग सम्बन्धित)

**स्वघोषणा पत्र**

यो संस्था नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागमा दर्ता भई र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई/गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रेस रजिष्ट्रारको कार्यालयमा दर्ता तथा सूचीकृत भई अनलाइन सञ्चारमाध्यमका रूपमा कार्यालय स्थापना गरी सञ्चारकर्मी/कर्मचारी ......जना कार्यरत भएको, नियमित प्रकाशन तथा प्रसारण गरी अध्यावधिक गरिएको बेहोरा ठिक साँचो एवं प्रचलित कानून बमोजिम अयोग्य नरहेको बेहोरा समेत प्रमाणित गरिन्छ।

माथि प्रमाणित गरिएको बेहोरा झुटो ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला।

संस्थाको छाप

निवेदक:
सञ्चालकको नामथर/:
हस्ताक्षर:..........
सञ्चारगृह रहेको ठेगाना:
सञ्चारमाध्यमको सम्पर्क नं:
सञ्चारमाध्यमको इमेल:

आज्ञाले,
रमेश ढकाल
प्रदेश सरकारको सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु २५।-